मिति ; २०८०/०९/१७

श्रीमान् प्रमुख प्रसाशकीय अधिकृत ज्यू
तिनाउ गाउँपालिका दोभान , पाल्पा

बिषय; प्रतिबेदन पेश सम्बन्धमा ।

प्रस्तुत बिषयमा यस तिनाउ गाउँपालिकाकले यस गाउँपालिका भित्र रहेका जनताहरुलाइ घरदैलोमा गइ सबै किसिमको सेवाहरु एकै स्थानबाट प्रदान गर्ने गरी मिति २०८०/०८/१७ देखि मिति २०८०/०९/०४ सम्म वडा न. १ देखि ६ सम्म बिभिन्न स्थानमा एकीकृत घुम्ति शिबिर सन्चालन गरेकोमा सो को प्रतिबेदन निम्न अनुसारको रहेको व्यहोरा अनुरोध छ ।

कार्यक्रमको नाम ; एकीकृत घुम्ति शिबिर सन्चालन

सन्चालन भएको स्थान र मिति

| सि.न. | स्थान | मिति | कै. |
|---|---|---|---|
| १ | वडा न. १ को ठुलीउदाङ्ग,कचल वडा कार्यालय र ओखलढुङ्गा | २०८०/०८/१७,१८ र १९ | |
| २ | तिनाउ वडा न. २ को बगाहा र वडा कार्यालय दोभान | २०८०/०८/२२ र २४ | |
| ३ | तिनाउ वडा न. ३ को श्रीडाँडा र फुलबारी सामुदायिक भवन | २०८०/०८/२५ र २६ | |
| ४ | तिनाउ वडा न. ४ को वडा कार्यालय | २०८०/०८/२८ र २९ | |
| ५ | तिनाउ वडा न. ५ को वडा कार्यालय | २०८०/०९/०१ र ०२ | |
| ६ | तिनाउ वडा न. ६ को वडा कार्यालय | २०८०/०९/०३ र ०४ | |

शिबिरमा उपलब्ध सेवाहरु

- जेष्ठ नागरिकहरुलाइ (६० बर्ष उमेर पुगेका ) परिचयपत्र बितरण ।
- निशुल्क स्वास्थ्य सेवा ( स्वास्थ्य परिक्षण तथा औषधी बितरण )
- निशुल्क आँखा परिक्षण
- पशु स्वास्थ्य सेवा मरामर्श
- कृषि सेवा मरामर्श
- निशुल्क ल्याव सेवा
- निशुल्क घटना दर्ता तथा प्रतिलिपी जारी
- ब्यबसाय दर्ता
- योजना सम्झौता
- नागरिकता सिफारिस तथा अन्य बिबिध सिफारिस
- शिक्षा बिद्यालय अनुगमन

# <u>आयोजक</u>

## तिनाउ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय दोभान पाल्पा ।

**उद्धेश्य ;**

यस तिनाउ गाउँपालिकाको बिभिन्न वडामा रहेका बिपन्न तथा गाउँपालिकाको सेवाबाट टाढा रहेका जनताहरुलाइ उनीहरुको घर दैलोमा जनताको चाहाना बमोजिम गाउँपालिकाबाट दिइने सेवाहरु बिभिन्न किसिमका सिफारिस जेष्ठ नागरिक परिचयपत्र प्रदान प्राथमिक उपचार दिइनुको साथै दिर्घकालिन रोगको पहिचान गरी सम्बन्धित अस्पताल र रोग बिशेषज्ञ सँग सिफारिस निशुल्क ल्याव सेवाबाट बिभिन्न रोगहरु पहिचान कृषि तथा पशु मरामर्श सेवा निशुल्क घटनादर्ता तथा प्रतिलिपी जारी पुराना बिभिन्न मितिमा बिभिन्न सचिबहरुबाट जारी भएको प्रमाणपत्रहरु खिचि नयाँ अभिलेख गरी प्रतिलिपी जारी गरिइएको र रेकर्ड अध्यावधिकगरिइएको निशुल्क आँखा शिबिर सन्चालनबाट बिभिन्न आँखा सम्बन्धि रोगको पहिचान तथा अप्रेशन गर्ने कुरामा सम्बन्धित अस्पतालमा सिफारिस गरिइएको शिक्षा तर्फ बिभिन्न बिद्यालय अनुगमन गरी शैक्षिक सुधारमा जोड दिइएको योजना सम्बन्धित बस्तीबाट गरिइएको साथै ब्यबसाय दर्ता गिरएको ।









**उपलब्धी :–**

यस तिनाउ गाउँपालिका अन्तर्गत ६ वटै वडाका बिभिन्न बस्तीका बिपन्न तथा गाउँपालिकाको सेवाबाट



टाढा रहेका जनताहरुलाइ उनीहरुको घर दैलोमा जनताको चाहाना बमोजिम गाउँपालिकाबाट दिइ सेवाहरुबाट बिभिन्न किसिमका सिफारिस जेष्ठ नागरिक परिचय-पत्र प्रदान गरी गाउँपालिकामा आउनु पर्ने झन्जटबाट राहात मिलेको , प्राथमिक उपचार दिइनुको साथै दिर्घकालिन रोगको पहिचान गरी सम्बन्धित अस्पताल र रोग बिशेषज्ञ सँग सिफारिसबाट समयमै सम्बन्धित रोगको उपचार गर्न पाएको , निशुल्क ल्याव सेवाबाट बिभिन्न रोगहरु पहिचान गरी समस्याको समाधान गर्न जनता अग्रसर रहेको कृषि तथा पशु मरामर्श सेवाबाट कृषकहरुमा बिभिन्न समयमा लाग्ने रोग लाग्न नदिन जनताहरु पूर्ब तैयारी रहेको , निशुल्क घटनादर्ता तथा प्रतिलिपी जारी पुराना बिभिन्न मितिमा बिभिन्न सचिबहरुबाट जारी भएको प्रमाणपत्रहरु खिचि नयाँ अभिलेख गरी प्रतिलिपी जारी गरिइएको र रेकर्ड अध्यावधिक गरिइएको सोबाट जनताहरुलाइ आगामी दिनमा घटनादर्ता प्रमाणपत्र हराए च्यातिए पनि रेकर्ड तुरुन्त भेटिने हुदाँ कार्यालयको अभिलेख दुरुस्त हुने र जनता छिटो छरितो सेवा प्रबाह हुने , निशुल्क आँखा शिबिर सन्चालनबाट बिभिन्न आँखा सम्बन्धि रोगको पहिचान तथा अप्रेशन गर्ने कुरामा सम्बन्धित अस्पतालमा सिफारिस गरिइएकोले ।

# प्रगति उक्त सेवाबाट

- ❖ जेष्ठ नागरिक परिचय-पत्र बितरण ५६ जना
- ❖ पशुसेवा परामर्श तथा अनुगमन १०७ जना
- ❖ ब्यबसाय दर्ता ४ वटा
- ❖ नागरिकता सिफारिस ९८ जना
- ❖ कृषि सेवा परामर्श तथा अनुगमन ११०
- ❖ योजना सम्झौता ७७ वटा
- ❖ शिक्षा बिद्यालय अनुगमन १९ वटा
- ❖ ओपिडी सेवा १५४८
- ❖ आँखा १६३३
- ❖ ल्याव १०५४
- ❖ ब्यक्तिगत घटनादर्ता २७०८ जना

❖ यस्ता कार्यक्रमबाट जनतालाई आफ्नै घरदैलोमा सरकार र कर्मचारी रहेको अनुभुती रहेको ।

❖ यस्ता किसिमका कार्यक्रहरु निरन्तरताका लागी जनता अपेक्षित रहेको ।

❖ कार्यक्रमले जनता ले सरकार र कर्मचारीलाई नजिकबाट निहाल्ने अबसर मिलेको छ ।

❖ घरघरमै सम्पुर्ण सेवा पाउदा जनता खुशी भएको ।

❖ फरक क्षमता भएका ब्यक्तिहरुलाई पाइक पर्ने स्थानमा छिटो छरितो सेवा पाएका ।






Reebok
DCP
brother
Value meets reliability




रगत
जाच
AZIBAC-500


तिनाउ गाउँपालिका
एकिकृत घुम्ति शिविर
मिति: २०८० मसिर १७ गते देखि पौष ४ गते सम्म


COOL






.........................................

प्रतिबेदक

खिम बहादुर राना

सहायक पाँचौ जिन्सी शाखा